अंक : तिन (२०८१)

11st July- 31tst August 2024

# पैरवी


## सामाजिक रुपान्तरण: हाम्रो गन्तव्य











**संयोजन:**
**कमला पोखरेल**

**प्रकाशनमा सहयोग :**
**उषा गाईजु**

ओरेकद्वारा नियमित प्रकाशन हुने पैरवीको यस अंकमा ओरेकले तेस्रो त्रैमाशिकमा सम्पन्न गरेका अभियानहरुको बारेमा जानकारीमुलक क्रियाकलाप समावेश गरेको छ । पैरवीको यस अंकमा विशेष गरी प्रदेश स्तरीय यूपीआर, महिलामाथि हुने हिंसा न्युनिकरण, बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको पुन:एकिकरण सम्बधि संवाद, मानव बेचविखनको बदलिदो अवस्था, महिला मानव अधिकार उल्लंघनका घटना, त्यसका सम्बोधनका लगि राज्यको जबफदेहिता जस्ता विषयहरु समावेश गरिएको छ ।

# कोशी प्रदेश स्तरीय यूपिआर सम्बन्धी कार्यशाला सम्पन्न





२४ सेप्टेम्बर २०२४ मा कोशी प्रदेश स्तरीय मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा (यु.पी.आर.) सम्बन्धि कार्यशाला विराटनगरमा सम्पन्न भयो । चौँथो चरणको प्रतिवेदन तयारीको कार्याशालाको शुरुवातमा संयुक्त राष्ट्र संघिय मानवअधिकार संयन्त्रहरु र मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षाका बारेमा प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतीकरणका क्रममा यूपिआर तेस्रो चरणको समिक्षाका क्रममा सन् २०२१ म नेपाल सरकारलाई प्राप्त सिफारिसहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गर्दै मानव अधिकारको समग्र अवस्थाको विश्लेषण गरिएको थियो । यसका साथै सन् २०२६ मा हुन गइरहेको चौँथो चरणको प्रतिवेदन तयारीका लागि सुझाव संकलन गर्ने उद्देश्यले कार्यशालाको अयोजना गरिएको थियो ।

यस कार्याशालामा तेस्रो चरणको समिक्षामा नेपाल सरकारले २३३ सुझावहरु प्राप्त गरेको र जसमध्ये १९३ सिफारिसहरुलाई नेपाल सरकारले पूर्ण रुपमा स्वीकार गरेको यथार्थताको जानकारी समेत गराइएको थियो भने ३७ वटा सिफारिसहरुलाई यस अवधिमा कार्यान्वयन गर्न नसक्ने तर सूचनामा राख्ने जनाएको बारेमा जानकारी समेत दिइएको थियो । यस कार्यक्रमले सहभागिहरुलाई नेपालको संविधानले सुनिश्चित गरेका नागरिकको अधिकार र सरकारले मानव अधिकार संरक्षणका लागि अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता अनुरुप काम भए नभएको स्थितिको बहु पक्षिय विश्लेषण गर्ने स्थल सिर्जना गरेको उपस्थित सहभागिहरुले बताएका थिए ।

कार्यक्रमका सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी संविधानमा भएका विभेदकारी कानुन तथा संविधान कार्यान्वयनको अवस्था, महिला मानव अधिकार रक्षकहरुले भोगेको जोखिम तथा चुनौती, लैङ्गिक समानताका मुद्धा, महिला विरुद्धको हिंसा, महिलाको सहभागिता तथा नेतृत्वको अवस्था, महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, भूमिहिन तथा शरणार्थीहरुका सवाल लगायतका सवालमा छलफल गरी सुझावहरु पेश गरिएको थियो । लगभग १५० जना भन्दा बढीको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा प्रदेश स्तरीय राष्ट्रिय मानव अधिकार आयोग, पालिकाका उपप्रमुखहरु, नेपाल बार एसोसियसन, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न नागरिक समुदायका प्रमुख तथा प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

# मानव अधिकार र सामाजिक न्याय

## महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यमको भूमिका विषयमा अन्तरकृया कार्यक्रम

मिति २०८१ साउन ०९ गतेका दिन उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा ओरेक र तरङ्गिणी फाउण्डेशनको संयुक्त आयोजनामा **"महिलामाथि हुने सक्ने हिंसा न्यूनीकरणमा सञ्चार माध्यमको भूमिका"** विषयक पत्रकारहरुसँग अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । महिला हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यमले गरेका प्रयासहरु, आगामि दिनमा अझ प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गर्ने, लैङ्गिकमैत्री समाचार न्यायिक समितिबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागि कस्तो खालको पहल गर्न सकिन्छ भन्ने बारे छलफल गर्नु तथा लैङ्गिक मैत्री समाचार संप्रेषणको आवश्यकताहरुको विषयमा छलफल गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रम लैङ्गिक हिंसा न्यूनीकरणको अभियानलाई प्रभावकारी रुपले अगाडि बढाउन सबै भन्दा ठुलो योगदान सञ्चारमाध्यमहरुले गर्न सक्ने भएकोले सञ्चार माध्यमबाट प्रवाह हुने विषयवस्तु, विज्ञापन, कथा लगायत जति पनि विषयवस्तुहरु सञ्चारमाध्यमले प्रवाह गर्छ ती सबै लैङ्गिकमैत्री हुनुपर्छ भन्ने विषयमा छलफल गरिएको थियो ।



यस कार्यक्रममा समुदाय तहमा भइरहेका लैङ्गिक हिंसाका घटनाहरुलाई बाहिर ल्याउँदा हिंसा प्रभावितको गोपनीयताको सम्बन्धमा सञ्चारमाध्यमहरु संवेदनशील हुनुपर्ने, सञ्चार माध्यम मार्फत सार्वजनिक भएका हिंसाका घटनाहरु सार्वजनिक गदा ध्यान पुर्याउनु पर्ने विषय, प्रमाणको प्रमाणीकरणहरु, घटनाको जरो कारणहरु पत्ता लगाएर तथ्य र विश्वसनियतामा आधारित समाचार तयार गर्ने आवश्यक हुने कुरामाथि छलफल भएको थियो । साथै हरेक सञ्चारमाध्यमबाट प्रवाह हुने विषयवस्तुहरु विश्लेषणात्मक र न्यायमुखी दुष्टिकोणबाट तयार पार्नु पर्ने वा प्रवाह हुनु पर्नेमा जोड दिइएको थियो । कार्यक्रममा सञ्चारकर्मीहरु र मानव अधिकारको क्षेत्रमा कार्यरत अधिकारकर्मीहरु सहित जम्मा २८ जनाको सहभागिता रहेको थियो ।

## बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक, आर्थिक पुनर्एकिकरणमा हाम्रो भुमिका बिषयक संवाद कार्यक्रम सम्पन्न

ओरेक र महिला मानव अधिकार रक्षक संजाल कैलालीको संयुक्त आयोजनामा बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक र आर्थिक पुनएकिकरण र बैदेशिक रोजगारीबाट फर्कका ब्यक्तिको लागि पुनएकिकरण कार्यक्रम संचालन तथा ब्यबस्थापन निर्देशिका २०७९ मा महिलाबादी दृष्टिकोणबाट बिश्लेषण र कार्यन्वयनमा स्थानिय सरकार, नागरिक समाज, जनप्रतिनिधि लगायतको अन्य सरोकारवालाहरुलाई जिम्मेवार बनाउने र आम सचेतिकरण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा पालिकाको उप–प्रमुख, संयुक्त टे«ड युनियनको प्रदेश अध्यक्ष, श्रम तथा रोजगार कार्यालयको प्रमुख, र बैदेशिक रोजगारबाट फर्केका श्रमिक महिलाहरु बक्ताको रुपमा रहेका थिए भने उक्त कार्यक्रममा खुल्ला छलफलबाट सहभागीहरुको प्रतिक्रिया लिइएको थियो ।

# मानव अधिकार र सामाजिक न्याय



सामाजिक विकास मन्त्रालयका राज्य मन्त्री प्रमुख अतिथि भएको यस कार्यक्रममा वडा अध्यक्ष, वडा सदस्य, मानव अधिकार आयोग, श्रम तथा रोजगार कार्यालयका प्रमुख, ट्रेड युनियन, महिला श्रमिक, पत्रकार बैदेशिक रोजगारीबाट फर्केका महिला, सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा पहिलो सत्रमा बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक र आर्थिक पुनर्एकिकरण र बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनर्एकिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ को बारेमा महिलावादी दृष्टिकोणबाट बिश्लेषण गरी प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रमको दोस्रो सत्रमा पालिकाका प्रतिनिधिहरु सहित सम्बन्धित सरोकारवालाहरुले पुनर्एकिकरण निर्देशिका २०७९ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने र उक्त निर्देशिकालाई महिलावादी दृष्टिकोणबाट बिश्लेषण गरेर महिलाहरुको सवाल र आवश्यकतालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए ।

## लैङ्गिकता र पैरवी विषयमा २ दिने तालिम सम्पन्न

मिति २०८१ असोज १३ र १४ गतेका दिन लैङ्गिकता र पैरवी विषयमा ओरेक र तरङ्गिनी फाउण्डेसनको आयोजनामा २ दिने तालिमको आयोजना गरिएको हो । उदयपुर जिल्लामा महिला मानवअधिकारका सवाहरुका पहिचान गरी सामुहिक र संगठित रुपमा पैरवी गर्ने वातावरण तयार गर्ने उद्देश्यले सञ्चालित यस पैरवी तालिममा उदयपुर जिल्लामा भएका महिला मानवअधिकार रक्षकहरु, महिला अधिकारकर्मी तथा महिला नेतृत्वमा रहेर काम गरेका महिलाहरु सहित २६ जनाको सक्रिय सहभागिता रहेको थियो ।



तालिमका क्रममा समुदायमा लिङ्ग, वर्ग, जातीयता आदिको आधारमा विद्यमान असमानता तथा विभेद र यसको जरो कारणहरुको बारेमा गहन छलफल गरिएको थियो । तालिममा समूह छलफलका क्रममा सहभागिहरुले समाजमा अहिले पनि छोरा र छोरीमा लिंगको आधारमा गरिने लैंगिक विभेद विद्यमान रहेको, महिलाहरुको श्रमको मान्यता र पहिचान नभएको, सम्पत्तीमा समान पहुँच र नियन्त्रण नभएको कारणले महिलाहरु परनिर्भर हुनुपरेको जसले गर्दा महिलाहरु आफुमाथि भएको हिंसालाई सहन बाध्य भएको, यौन हिंसा तथा बलात्कारका घटनामा समेत मेलमिलाप गराउन खोज्ने प्रवृत्तिले गर्दा दण्डहीनता मौलाएको, महिलाहरुको गतिशिलता माथि गरिएको नियन्त्रण, महिलाहरुको नेतृत्व नस्वीकारिएको जस्ता सवालहरु पहिचान गरेका थिए । यसरी पहिचान गरिएका सवालहरुलाई पैरवीको मुद्धा बनाएर कसरी संगठित रुपमा अभियानहरुको योजना गर्न सकिन्छ भन्ने विषयमा विस्तृत छलफल समेत गरिएको थियो । साथै तालिममा सहजकर्ताहरुले पैरवीको मुद्धा लागि तथ्य र तथ्यांक र हामी आफुमा पनि धारणागत रुपमा स्पष्ट हुनु पर्ने जनाउँदै यस्ता तालिम, गोष्ठी था अन्तरक्रियाहरु समय समयमा भइरहनु पर्नेमा जोड दिएका थिए । कार्यक्रमको अन्त्यमा सहभागिहरुले समुदायमा दबिएर रहेका अदृष्य मुद्धाहरुलाई दृष्यात्मक बनाउन र महिला भएकै कारण महिलमाथि भएका हिंसा, दुव्र्यवहार तथा विभेदको विरुद्धमा खबरदारी गर्न संगठित रुपमा पैरवी गर्नुपर्ने आवश्यकता महशुस गरी पैरवी योजना निर्माण गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका थिए ।

# मानव अधिकार र सामाजिक न्याय

## लैङ्गिक हिंसा निवारण कोष बिषयमा अन्तरकृया कार्यक्रम सम्पन्न

लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनस्र्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई प्रभावितहरुलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम हरेक पालिकाहरुमा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि बनाईएको हुन्छ । यस कोष अन्र्तगत पीडित÷प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने, राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने, लैङ्गिक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, स्थानीय स्तरमा लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु वीच समन्वय गर्ने, स्थानीय स्तरमा लैगिंक हिंसामा परेका महिला, किशोरी तथा वालवालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने, महानगर क्षेत्र भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने, कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने इत्यादी काम कर्तव्य र अधिकार उल्लेख गरिएको छ । तर पनि सबै स्थानीय तहले कार्यविधिहरु बनाएको भएतापनी यसको कार्यन्वयन प्रभावकारी रुपमा हुन नसकिरहेको अवस्था पनि छ ।


यसै सन्दर्भमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा ओरेक, तरङगिणी फाउण्डेशन र महिला सशक्तिकरण स्रोत केन्द्र उदयपुरको संयुक्त आयोजनामा लैङ्गिक हिंसा निवारणकोष तथा यसको कार्यान्वयनको अवस्था विषयक कार्यक्रम सम्पन्न भएको छ । उदयपुर जिल्लामा भएको चौदण्डिगढि, बेलका, कटारी र त्रियुगा नगरपालिका को उपप्रमुखहरु, गैरसरकारी संघसंस्था,युवा महिला सञ्जालहरु र सामुदायिक संस्थाका प्रतिनिधिहरु सहित १०० जनाभन्दा बढीको कार्यक्रममा उपस्थिती रहेको थियो । कार्यक्रममा बोल्दै पालिकाका प्रतिनिधिहरुले लैङ्गिक हिंसा निवारणकोषबाट महिलाहरुको लागि विभिन्न सिपमुलक तालिमहरु, गर्भवती महिलाहरुलाई पोषणयुक्तखानाको व्यवस्था, हिंसा प्रभावित महिलाहरुलाई राहात उपलब्ध लगायतका सहयोगहरु भइरहेको जनाएका थिए । यद्यपि धेरै हिंसा प्रभावितहरुलाई यो प्रावधानको सम्बन्धमा जानकारी नभएकै कारण अत्यावश्यक सेवाहरुबाट बञ्चित रहनु परेको तीतो यथार्थता मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरुले आफ्नो विचार प्रस्तुत गरेका थिए । तसर्थ जोखिममा रहेका हिंसा प्रभावितको पहिचान र सहयोगको लागि पहल गर्न सबै मानव अधिकारकर्मीहरुलाई पालिकाका प्रतिनिधिहरुले आग्रह गरेका थिए ।





# मानव अधिकार र सामाजिक न्याय

## महिला मानव अधिकार रक्षकहरुको पहिचान र सुरक्षाको सवाल सम्बोधनका लागि राज्यको जबाफदेहीता” विषयक भर्चुअल कार्यशाला सम्पन्न





मिति २०८१ असार १९ गते तद्अनुसार जुलाई ०३, २०२४ का दिन महिला मानव अधिकार रक्षकहरुमाथि बढ्दै गइरहेको असुरक्षा तथा जोखिम तथा यसका लागि आगामी बाटोको सम्बन्धमा छलफल गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्धनका लागि भएका कानुनी व्यवस्थाहरु र यसको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरी आगामी दिनमा संयुक्त रुपमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने उद्देश्यले भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। करिव १०० जना भन्दा बढीको उपस्थितिमा सम्पन्न उक्त भर्चुअल कार्यक्रममा समाजमा रहेको संरचनात्मक विभेद तथा असमान शक्ति सम्बन्धलाई चुनौति दिँदै न्याय र समानताको पक्षमा निरन्तर वकालत गर्ने महिला मानव अधिकार रक्षकहरु र महिला मानव अधिकारको सवाललाई उठान गर्ने महिलाले नेतृत्व गरेका संस्थाहरुले विभिन्न हिंसा, सुरक्षा जोखिम तथा चुनौतिहरुको सामना गर्नु परिरहेको वर्तमान स्थिति माथि विभिन्न घटना तथा तथ्य सहित छलफल गरिएको थियो । यस कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगकका सचिव श्री मुरारी खरेल, सहसचिव श्री सम्झना शर्मा, गृह मन्त्रालयका मानव अधिकार प्रर्वधन शाखा प्रमुख तथा उपसचिव श्री अजिता शर्मा लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सबैले मानव अधिकारको सुनिश्चितताका लागि कानुनी रूपमा आआफ्नो स्थानबाट पहल गर्ने र अघि बढ्ने प्रतिवद्धता जाहेर गरिएको थियो । साथै विभिन्न संघ संस्था, महिला मानव अधिकार रक्षकहरु र सञ्चारकर्मीहरुले समेत आफ्ना भनाई ब्यक्त गरेका थिए ।

## मानव बेचविखनको बदलिदो अवस्था र यसको सम्बोधनमा सरोकारवालाहरुको भूमिका” विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न

मानव बेचबिखन विरुद्वको विश्व दिवसको अवसरमा ओरेक र सुनिता फाउन्डेसनको सहकार्यमा “मानव बेचविखनको बदलिदो अवस्था: सम्बोधनमा सरोकारवालाहरुको भूमिका विषयक भर्चुअल कार्यशाला जुलाई ३१ २०२४ का दिन अन्तराष्ट्रिय मानव बेचविखन विरुद्धको दिवसको अवसर पारेर सम्पन्न भयो । यस कार्यक्रममा राष्ट्रिय महिला आयोग, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा ( महिला, बालिबालिका तथा जेष्ठनागरिक मन्त्रालय), मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा ( राष्ट्रिय मानव अधिकार आयोग) , बिभिन्न जिल्लाका महिला मानव अधिकारका सवालमा कार्यरत सरोकारवाला निकायहरु र मानव अधिकार रक्षकहरु गरी जम्मा ६५ जनाको सहभगिता रहेको थियो । भर्चुअल मध्यमको प्रयोग गरी संचालन गरिएको उक्त कार्यक्रममा कसरी बेचबिखनलाई विश्वव्यापीकरण र खुला अर्थनीतिले बढावा दिइरहेको छ र यसले गर्दा आर्थिक असमानतता र श्रम शोषण जस्ता अभ्यासलाई प्रोत्साहन गर्छ भन्ने विषयमा छलफल गरिएको थियो भने विशेषगरी प्रमुख सुझावहरुमा मानव बेचबिखन नियन्त्रण सम्बन्धित नीतिहरुको प्रभाकारी कार्यान्वयन हुनु पर्ने , सरकार र निजी क्षेत्र जवाफदेही हुनुपर्ने, तथ्याङ्कमा आधारित अनुसन्धान गर्नु पर्ने, र त्यसका आधारमा जरो कारण पत्ता लगाई त्यसको आधारमा पैरवी गर्नु पर्ने र अन्तरविभागीय समन्वय प्रभावकारी बनाउनु पर्ने रहेको थिए ।

# मानव अधिकार र सामाजिक न्याय



यस कार्यक्रमबाट मानव बेचविखनको बदलिदो स्वरुपका सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायको साझा धारणा बनेको थियो भने मानव बेचविखन सम्बोधन सम्बन्धमा सम्बन्धित सरोकारवालाको भुमिका पहिचान भइ कार्ययोजना र पैरवीका लागि सवाल पहिचान भएको थियो । ओरेकका तर्फबाट मानव बेचविखन भन्नाले के बुझिन्छ र यसको वदलिदो स्वरुप, यसलाई असर गर्ने तत्वहरु, मानव बेचविखन विरुद्धको ऐन २०६४ पालेर्मो प्रोटोकलका बारेमा जानकारी गराउँदै मानव बेचविखनको बारेमा सतही रुपको बुझाई तथा गहिरो रुपमा बुझ्नु पर्ने तत्वहरुको बारेमा समेत छलफल गरिएको थियो । साथै मानव बेचविखनबाट हाल जोखिममा रहेका ब्यक्तिहरु र यसको रोकथाममा देखिएका चुनौतिका विषयमा सकेत छलफल गर्दै यसको रोकथाममा सबै सरकोकारवालाहरुको साझा बुझाइ हुनु पर्ने र ऐकवद्ध भएर अभियानहरु चलाउनु पर्ने कुरामा सहमत भई आगामी कार्यदिशा तथा आगामी बाटोका बारेमा समेत छलफल भएको थियो । “मानव बेचविखन विरुद्धको लडाईमा कुनै पनि बालबालिकालाई पछि नछोडौं” भन्ने राष्ट्रिय नाराका साथ यस राष्ट्रिय दिवस मनाइएको थियो ।

## >>> आप्रवासी तथा आप्रवासनबाट फर्किएर आएका महिला श्रमिकहरुको सामाजिक आर्थिक पुनर्स्थापनाको सवाल तथा चुनौती विषयक नीति सम्वाद कार्यक्रम सम्पन्न

ओरेक नेपाल तथा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (NNSM) को समन्वयमा सेप्टेम्बर ०२, २०२४ का दिन नयाँ बानेश्वरको अल्फा हाउसमा आप्रवासी तथा आप्रवासनबाट फर्किएर आएका महिला श्रमीकहरुको सामाजिक आर्थिक पुनरुथापनाका सवाल सम्वोधनका लागि सरोकारवालाहरुसँग नीति सम्वाद कार्यक्रम सम्पन्न भएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री शारदसिंह भण्डारीको प्रमुख आतिथ्यमा सञ्चालन उक्त



कार्यक्रममा वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभाग र राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । यसका साथै कार्यक्रममा आप्रवासनका सवालमा पैरवी गर्ने संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकारहरू, अनुसन्धानकर्ताहरू, ट्रेड युनियनका प्रतिनिधीहरू, मानव अधिकारकर्मी र विभिन्न जिल्लाका आप्रवासनबाट फर्किएर आएका महिलाहरूको उल्लेख्य सहभागिता रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष श्री चिरञ्जीवी बरालले गर्नुभएको

# मानव अधिकार र सामाजिक न्याय




थियो भने ओरेकका अध्यक्ष श्री सविता पोखरेलले सहभागीहरुलाई स्वागत र कार्यक्रमको उद्देश्य प्रकाश पार्नु भएको थियो । ओरेकका कार्यकारी निर्देशक श्री सुनिता मैनालीले फेमिनिस्ट पार्टीसिपरेटरी एक्सन रिसर्च (एफपीएआर) को नतिजा प्रस्तुत गर्नु भयो जुन अनुसन्धान ओरेकले सन् २०२३ मा पुर्वका जिल्लाहरुमा आप्रवासनबाट फर्किएर आएका महिलाहरुको पुन:एकिकरण र उनीहरुको दिगो विकासका सवालमा आगामी कार्ययोजनाका विषयमा छलफल गर्ने र त्यसका लागि सम्बन्धित सरोकारवाला निकायहरुले प्रतिवद्धता कायम गराउने उद्देश्यले संचालित नीति सम्वाद कार्यक्रममा माननीय मन्त्री शारदसिंह भण्डारीले मन्त्रालयले गरेका काम, कार्ययोजना र भावि योजनाका बारेमा प्रकाश पार्दै  मन्त्रालय यस सवालमा प्रतिवद्ध भएर काम गरिरहेको र यसका सवाल संवोधनमा सरोकारवालाहरूको सहयोग र सहकार्य आवश्यक पर्ने कुरा व्यक्त गर्नु भएको थियो । उँहाले आप्रवासन तथा आप्रवासी महिलाले उठाएका समस्या र चुनौतीको संवोधन गरी नतिजामा पुग्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । यस कार्यत्रमले उपस्थित सरोकारवालाहरुको सहमतीमा १३ बुँदे प्रतिवद्धता तयार पारेको छ । जसमा विशेष गरी महिला श्रमिकहरुलाई वैदेशिक रोजगारीमा जान निषेधित गर्ने संरक्षणवादी र प्रतिबन्धात्मक व्यवस्थाहरू हटाइने र गन्तव्य मुलुकहरुसँग कानूनी रूपमा बाध्यकारी श्रम सम्झौता गरिने, वैदेशिक रोजगारका लागि काम गर्ने एजेन्सीहरू र अध्यागमन अधिकारीहरूको नियमित रुपमा नियमन र अनुगमन गरिने, वैदेशिक रोजगारीबाट फ र्केकाहरूका लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ लैङ्गिक दृष्टिकोणबाट संशोधन गरिने र  सबै आप्रवासी कामदारहरू तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०  तथा  अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धि १८९ र १९० अनुमोदन गरिने, वैदेशिक रोजगारीका क्रममा रहेका वा फर्किएका महिला श्रमिकहरुबाट जन्मिएका शिशुहरुको पञ्जिकरण (जन्मदर्ता, नागरिकता, आदि) सुनिश्चित गर्दै उनीहरुको राज्यविहिनताको अवस्था अन्त्य गर्नका लागि आवश्यक व्यवस्था मिलाइने लगायतका सवालमा ऐकवद्दता रहेको थियो ।

## सामुदायिक संस्थाहरुका लागि समग्र सुरक्षा तालिम सम्पन्न

समुदाय स्तरको मानव अधिकारको कार्यलाई मजबुत बनाउने महत्वपूर्ण पहलको रूपमा ओरेक नेपालले नेपालका दुई प्रमुख प्रदेशहरूमा समग्र सुरक्षा तालिम कार्यक्रम सञ्चालन गरेको छ । यो तालिम, मधेश प्रदेशको बर्दिबासमा सेप्टेम्बर ९–१२ र लुम्बिनी प्रदेशको बुटवलमा सेप्टेम्बर १८–२१, २०२४ मा सम्पन्न गरिएको छ । मानव अधिकार रक्षामा समर्पित विभिन्न सामुदायिक संस्थाहरुलाई लक्षित गर्दै यो तालिम सञ्चालन गरिएको हो । तालिममा मधेश र लुम्बिनी प्रदेश गरी जम्मा ३४ जनाको सहभागिता रहेको थियो जसमा ५० प्रतिशत महिला सहभागितासँगै अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैंगिक अल्पसंख्यक, दलित तथा जनजातिको सहभागितालाई पनि सुनिश्चित गरिएको थियो ।

तालिममा मानव अधिकार रक्षकहरुलाई आइपर्ने विभिन्न किसिमका चुनौतीहरु र तिनलाई सामना गर्न आवश्यक सीपहरु विशेष गरी भौतिक सुरक्षा, मनोसामाजिक सुरक्षा र डिजिटल सुरक्षाका विषयहरु यस तालिममा समावेश गरिएको थियो । भौतिक सुरक्षा अन्तर्गत मानव अधिकारको परिचय सहित यससँग सम्बन्धित कानुन, अन्तराष्ट्रिय सन्धि/सम्झौताका विषयहरुका बारेमा जानकारी दिइएको थियो । साथै मानवअधिकार रक्षकहरु

# मानव अधिकार र सामाजिक न्याय

माथि हुने भौतिक आक्रमण र त्यसबाट आफुलाई सुरक्षित राख्ने उपायहरु, सहयोगी र सम्पर्क निकायहरुका बारेमा पनि बुझाइएको थियो ।

त्यस्तै मनोसामाजिक सुरक्षा अन्तर्गत मानव अधिकार रक्षकहरुलाई पर्न सक्ने मानसिक असर र त्यसलाई सामना÷कम गर्ने उपायहरु तालिममा समावेश गरिएको थियो । यस प्रशिक्षणले मानसिक स्वास्थ्य र प्रभावकारी मानव अधिकार कार्य बीचको महत्वपूर्ण सम्बन्धलाई जोड दिएको थियो र कामसँग सम्बन्धित तनाव र आघातसँग जुध्नका लागि व्यावहारिक सामना गर्ने रणनीतिहरू उपलब्ध गराएको थियो । डिजिटल सुरक्षा अन्तर्गत डिजिटल माध्यमबाट हुने हिंसाको विषय समेटिएको थियो । स्मार्ट फोनको सुरक्षित प्रयोग, पासवर्ड व्यवस्थापन र डिजिटल गोपनीयताको बारेमा छलफल गरिएको थियो । डिजिटल सुरक्षाको विषय सहभागीका लागि नयाँ तथा चासोको विषय बनेको सहभागीको अनुभवमा पाइएको थियो ।

विशेषगरी २९ वर्षभन्दा कम उमेरका मधेशका धेरै सहभागीहरूको लागि मानव अधिकार सम्बन्धि यो पहिलो औपचारिक तालिम भएको सहभागीहरुको भनाइ रहेके थियो । यी दुई तालिमले समुदाय स्तरका मानव अधिकार रक्षकहरूका लागि प्रादेशिक नेटवर्कहरू निर्माण गर्न सफल भएका थिए, जसले भविष्यमा एकअर्कालाई चुनौतीपूर्ण कार्यमा सहयोग पुर्याउन सक्छन् । तालिम पश्चात सबै सहभागी संस्थाहरूले आफ्ना सुरक्षा योजनाहरू तयार पारेका थिए, जसले सिकिएका रणनीतिहरू कार्यान्वयन गर्नको लागि तिनीहरूको प्रतिबद्धता प्रदर्शन गरेको छ । तालिममा सहभागी प्रशिक्षित मानवअधिकार रक्षकहरु आफ्ना समुदायमा फर्किएर आफुहरु मात्र मानव अधिकारका सवालबाट जानकार र सुरक्षित हुन सक्ने क्षमतामा बृद्धि गरेका हैनन् कि मानव अधिकारको पक्षमा वकालत गर्नको लागि नयाँ साहस थपिएको महसुस गरेका छन् । जसले उनीहरूका क्षेत्रहरूमा स्थायी सकारात्मक परिवर्तन ल्याउने आशा जगाएको छ ।





# पर्यावरणीय न्याय र महिला नेतृत्व

## यौन तथा प्रजनन् स्वास्थ्य मेला सम्पन्न

२०८१ असोज ७ र ८ गते कोशी प्रदेशको विराटनगरमा कोशी प्रदेशका माननीय उप–सभामुख सिर्जना दनुवारको प्रमुख आतिथ्यता र ओरेकका अध्यक्ष सविता पोख्रेलको अध्यक्षतामा यौन तथा प्रजनन् स्वास्थ्य मेला (SRHR MELA) सम्पन्न भएको छ । समुदाय तहमा रहेका यौन तथा प्रजनन् स्वास्थ्य सवालको पहिचान गरी महिलावादी दृष्टिकाणबाट व्याख्या विश्लेषण गर्ने, महिला तथा पछाडि पारिएका समुदायलाई यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरु विशेष गरी कृत्रिम गर्भधारणको सम्बन्धमा सबै सरोकारवालाहरु बीच समान बुझाई स्थापित गरी यसमा सबैको सहज पहुँचको अधिकार सुनिश्चितता लागि भएको प्रणालिगत अवरोधहरुको पहिचान तथा नीतिगत पैरवी गर्ने उद्देश्यले यस मेलाको आयोजना गरिएको थियो ।

**"एकल होस् वा दम्पत्तिः कृत्रिम गर्भधारणमा सबैको समान पहुँचको अधिकार"** भन्ने मूल नारा सहित सम्पन्न यस कार्यक्रममा यौन तथा प्रजनन् स्वास्थ्य सवालमा विशेष गरी निःसन्तानपन र बाँझोपनको समस्या सम्बोधनका सवाल तथा नीतिगत अवरोधहरु सम्बन्धि अनुसन्धानको नतिजामा आधारित विश्लेषणात्मक प्रस्तुतीकरण गरिएको थियो । साथै माथि उल्लेखित नारा र शिर्षकमा केन्द्रीत रही प्यानल छलफल कार्यक्रमको समेत आयोजना गरिएको थियो । प्यानल छलफलमा वक्ताको रुपमा स्वास्थ्य मन्त्रालयका सचिव डा. राधिका थपलिया, नेपाल परिवार नियोजन संघका डा.रितु चौधरी, युवा महिला अधिकारकर्मी, ACORAB महासचिव तथा सञ्चारकर्मी बन्दना दनुवार, सेन्टर फर रिप्रोडक्टिभ राइट्स (CRR) का बरिष्ठ कानुनी सल्लाहकार प्रभाकर श्रेष्ठ रहनु भएको थियो भने प्यानल छलफलको सहजीकरण अधिवक्ता शोभा बजगाईंले गर्नुभएको थियो । छलफलमा यौन तथा प्रजनन् स्वास्थ्यको मुख्य सवालको रुपमा निःसन्तानपन भए पनि यो सवाल छायाँमा परेको, निःसन्तानपन हुनुमा महिला मात्रै जिम्मेवार हुन्छन् भन्ने सोचका कारणले महिलाहरुले धेरै हिंसा र लाञ्छना भोग्नु परेको, जसले गर्दा प्रत्येक व्यक्तिले आत्म–सम्मानपूर्वक हिंसा रहित वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त अधिकार कुण्ठित भएको, निःसन्तानपन भएका दम्पत्तिहरुलाई उचित र सर्वसुलभ तरिकाले उपचार तथा परामर्शको व्यवस्था नभएको, समुदाय तहमा कृत्रिम गर्भधारण सम्बन्धी सूचना तथा जानकारी नभएको र यस सम्बन्धी स्वास्थ्य सेवाहरु पहुँचयोग्य नभएको जस्ता सवालहरुमा छलफल भएको थियो । साथै, वक्ताहरुले जुन सुकै व्यक्ति वा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण हुनु पर्ने र बच्चाको चाहाना राख्ने व्यक्ति वा दम्पत्तिहरुले स्वःनिर्णयको आधारमा कृत्रिम गर्भधारणमा सबैको समान, समावेशी र सहज पहुँचको अधिकार सुनिश्चित हुनुपर्ने भन्ने विषयमा छलफल गरिएको थियो । यसका साथै निःसन्तानपन एउटा व्यक्ति वा दम्पत्तीरुको भावनासंग जोडिएको सवाल हो र सबै व्यक्तिहरूलाई आफ्नै निर्णयको आधारमा कृत्रिम गर्भाधारणमा सहज पहुँचको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो भन्ने विषयमा सहभागीहरुले जोड दिएका थिए ।






# पर्यावरणीय न्याय र महिला नेतृत्व

कार्यक्रममा कोशी प्रदेशका माननीय उपसभामुख, माननीय सांसदहरु, मानव अधिकार आयोगका प्रतिनिधिहरु, स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधिहरु, महिला मानव अधिकार रक्षकहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधिहरु र सामाजिक रुपान्तरणमा आस्था राख्ने अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु सहित मोरंग, सुनसरी, झापा, धनकुटा, उदयपुर लगायतका जिल्लाहरुबाट १५० जना भन्दा बढीको सहभागितमा सम्पन्न यस कार्यक्रममा सरोकारवालाहरुबाट सुझावहरु प्राप्त भएका थिए । जसमा यौन तथा प्रजनन् स्वास्थ्यको सवालको रुपमा निःसन्तानपनलाई संवेदनशील रुपमा लिई यसबाट महिलामाथि परेको असरलाई मानव अधिकारमुखि दृष्टिकोणबाट विश्लेषण गरेर सोही बमोजिमको ठोस योजना निर्माण गर्नुपर्ने, कृत्रिम गर्भाधारणमा सरोगेसीलाई पनि मुख्य पाटोको रुपमा लिई सोही बमोजिम नीतिगत व्यवस्थाका साथै मानव अधिकारको ढाँचामा विस्तृत कानुन निर्माण गर्नुपर्ने, स्वःनिर्णयको आधारमा आफ्नो गर्भाशय प्रयोग गरी सरोगेट बन्न इच्छुक महिलाको अधिकार सुनिश्चित गर्दै श्रमको उचित मूल्यांकन हुने वातावरण सिर्जना गर्नुपर्ने तथा सुरक्षित र शोषणमूक्त भई सरोगेट बन्न सक्ने वातावरण सिर्जना गर्न, कृत्रिम गर्भाधारणको प्रविधिमा सबैको समान र सहज पहुँचको व्यवस्था गर्न र त्यससंग सम्बन्धित जानकारी तथा सूचनाहरु समुदाय तहमा पु¥याउनु पर्ने, प्रत्येक स्थानीय तहले आफ्नो पालिका/वडामा रहेका निसन्तानपन भएका व्यक्ति वा दम्पतिहरुको विस्तृत जानकारी सहितको तथ्यांक अभिलेखीकरण र व्यवस्थापन गर्नु गर्ने, महिला÷पुरुष दुवैमा बढ्दो निसन्तानपनको कारण पत्ता लगाएर सम्बोधनका लागि आवश्यक रणनीति बनाउनु पर्ने, प्राथमिक स्वाथ्य केन्द्रबाट निसन्तानपन सम्बन्धि परामर्श तथा आबश्यकता अनुसार सम्प्रेषण गरिनुपर्ने र सम्बन्धित सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गरि गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्ने, कृत्रिम गर्भधारणका सेवा कम्तिमा पनि प्रादेशिक अस्पतालहरुबाट  गुणस्तरीय उपचारको व्यवस्था सहित सर्वसूलभ हुनुपर्ने साथै  यस सम्बन्धि सेवा प्रदान गरिरहेका नीजि अस्पतालहरुको आनुगमन गरि गुणस्तरीय सेवा तथा उपचार खर्चको नियमन हुनुपर्ने लगायतका सुझावहरु रहेका थिए ।

## मानव अधिकार संस्थाका प्रतिनिधिहरु संगको कार्यशाला सम्पन्न

२०२४ को सेप्टेम्बर २५ मा भएको मानव अधिकार संस्थाका प्रतिनिधिहरु संगको कार्यशालामा ४० सहभागीहरूको सहभागिता रहेको थियो, जसमा यौन र प्रजनन् स्वास्थ्यका मुद्दाहरूलाई महिलावादी दृष्टिकोणबाट विशेष गरी पछाडि परेका समुदायमा विश्लेषण र पहिचान गर्नेमा ध्यान केन्द्रित गर्दै यौन र प्रजनन स्वास्थ्य सेवामा सबै सरोकारवालाहरू बीच समान बुझाई स्थापित गर्न र कृत्रिम गर्भाधान लगायतका सेवामा समान पहुँचका लागि प्रणालीगत अवरोधहरू पहिचान गर्नका लागि कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा विशेषगरी निसन्तानपन र उपचारको पहुँच तथा निसन्तानपनलाई महिला र पुरुष दुवैमा गम्भीर समस्या मानिएको विषयमा छलफल भएको थियो । विशेष गरी आर्थिक रूपमा अगाडि रहेका समुदायमा सम्पन्न व्यक्तिहरू उपचार गर्न सक्षम भए तापनि गरिब समुदायमा आर्थिक कठिनाइका कारण निसन्तानपनको समस्या लुकाइने गरेको र सरकारलाई निःशुल्क उपचार सेवाहरू प्रदान गर्न र यसका लागि कानुनी र नीति संरचना तयार गर्न आग्रह गरिएको थियो ।

त्यसैगरी यस कार्यशालामा सरोगेसी कानून र चुनौतीहरुका सवालमा छलफल गर्दै हालको सरोगेसी कानूनलाई अपर्याप्त र व्यवहारमा नआउने मानिएको र सरोगेसीका नैतिक पक्षहरूमा चिन्ता व्यक्त गरिएको थियो । सहभागीहरूले सरोगेसीको बारेमा खुल्ला र समावेशी छलफलको आवश्यकता औंलाएका थिए भने विशेष गरी एलजीबीटीक्यू+ समुदायका अधिकारहरूको सम्मान गर्दै त्यसका सवालमा समेत सुनुवाइ हुनु पर्नेमा जोड दिइएको थियो । यो सवालका साथै कार्यशालामा निसन्तानपनको सन्दर्भमा महिला मात्र दोषी ठानिने सामाजिक मानसिकता रहेको तर निसन्तानपन पुरुष र महिलामा दुवैमा हुनसक्ने र सरकारले निसन्तानपनका लागि कानूनी व्यवस्था गर्नुपर्ने र यसलाई  मानव अधिकारको दायरा भित्र समावेश गर्नु पर्नेमा जोड दिइएको थियो । यसका साथै

# पर्यावरणीय न्याय र महिला नेतृत्व

निसन्तानपन र सरोगेसीका बारेमा स्थानीय सरकारहरूले तथ्यांक संकलन गर्नुपर्ने र विशेष गरी ग्रामीण र पछाडि परेको समुदायमा यौन र प्रजनन अधिकारका बारेमा जनचेतना अभियान सञ्चालन गर्नुपर्ने कुरा उठाइएको थियो ।

यस कार्यशालामा विशेषगरी महिला र पुरुष दुबैलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बारेमा शिक्षा दिन र महिलामाथि बच्चा जन्माउनको लागि सामाजिक दबाब हटाउन महत्वपूर्ण रहेको कुरा पनि चर्चा गरिएको थियो साथै कानूनी सुधारको लागि र सामाजिक परिवर्तनको लागि विभिन्न संस्थाहरू, महिला अधिकारकर्मी, मानव अधिकारकर्मी र सरकार बीच सहकार्यको आवश्यकता रहेको कुरा साझा गरिएको थियो । निसन्तानपन र सरोगेसीका अधिकारहरूमा पहुँच सुनिश्चित गर्ने कानूनी सुधारहरूको आवश्यकता र यसको लागी नागरिक समाजको भूमिकामा समेत जोड दिइएको थियो । समग्रमा, कार्यशालाले निसन्तानपन र प्रजनन् स्वास्थ्यका मुद्दाहरूमा कानूनी र सामाजिक परिवर्तनको महत्वलाई प्रकाशमा ल्याएको थियो भने सरकारको कार्यान्वयन, कानूनी सुधार र जनचेतनाका लागि साझा प्रयासको आवश्यकता औँल्याउदै आगामी दिनमा सबै व्यक्तिहरूको प्रजनन् अधिकार सुरक्षित गर्न आवश्यक रहेको कुरामा जोड दिइएको थियो ।



## ओरेक नेपालको निरन्तर अभियान: जाजरकोट र रुकुम पश्चिममा लैंगिक हिंसा न्यूनीकरणका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न

ओरेक नेपालले आफ्नो निरन्तर मानव अधिकार र लैंगिक हिंसा विरुद्धको अभियानलाई थप सशक्त बनाउँदै जाजरकोट र रुकुम पश्चिममा स्थानीय सरोकारवालाहरूका लागि क्षमता अभिवृद्धि तालिम सफलतापूर्वक सम्पन्न गरेको छ । असोज ६ र ७ गते जाजरकोटमा र असोज ८ र ९ गते रुकुम पश्चिममा सम्पन्न भएको यस तालिममा दुवै जिल्लाका आठ वटा पालिकाबाट स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो ।

जाजरकोटमा कुशे, बारेकोट, नलगाड, भेरी र जिल्ला स्तरबाट गरी२८ जना (१० महिला, १८ पुरुष) सहभागीको उपस्थिति रहेको थियो भने रुकुम पश्चिममा मुसिकोट, सानीभेरी, आठबिसकोट र चौरजहारीबाट गरि ३१ जना (१३ महिला, १८ पुरुष) सहभागीले तालिममा भाग लिएका थिए । यो तालिम यसअघि सम्पन्न भएको कार्यक्रमको निरन्तरता स्वरूप आयोजना गरिएको थियो, जसमा सहभागीहरूले आ–आफ्नो कार्ययोजनाको प्रगति समीक्षा गर्नुका साथै लैंगिक हिंसाको रोकथाम, प्रतिकार्य र घटना व्यवस्थापनका लागि आवश्यक सीपहरू विकास गरेका छन् ।

ओरेककी सचिव संगीता अधिकारीको सहजीकरणमा सम्पन्न भएको तालिममा सहभागीहरूले आ–आफ्नो पालिकामा लैंगिक हिंसा न्यूनीकरणका लागि निरन्तर प्रयास गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्दै लैंगिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयन, रेफरल प्रणालीको सुदृढीकरण र विपद् जोखिम न्यूनीकरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को एकीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

# पर्यावरणीय न्याय र महिला नेतृत्व

तालिमका क्रममा सहभागीहरूले पालिका र वडा स्तरमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधिमा आवश्यक संशोधन गर्न सहजीकरण गर्ने र विशेष पालिकाहरूमा संरक्षण समूह गठन गर्ने जस्ता महत्वपूर्ण सिफारिसहरू गरेका छन् । साथै एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को भूमिका र लैंगिक हिंसा सम्बन्धी कानुनी प्रावधानहरूबारे समुदाय स्तरमा जानकारी प्रवाह गर्ने विषयमा जोड दिइएको छ । जनप्रतिनिधि, पालिकाका कर्मचारी, प्रहरी र समाजसेवीहरू सहित सबै सहभागीहरूले ओरेक र युएनएफपीएको सहकार्यात्मक प्रयासको प्रशंसा गरेका छन् । विशेषगरी पालिकाहरूले लैंगिक हिंसा रोकथाम, कानुनी सहायता र रेफरल प्रणालीलाई सुदृढ बनाउन निरन्तर प्राविधिक सहयोगको माग गरेका छन् ।



यस तालिमले स्थानीय तहमा लैंगिक हिंसाको प्रभावकारी सम्बोधनका लागि सरोकारवालाहरूबीच निरन्तर समन्वयको आवश्यकता, सेवा प्रवाहमा सुधार र पालिका तथा जिल्ला स्तरमा विपद् व्यवस्थापनमा लैंगिकमैत्री अभ्यासहरूको एकीकरणको महत्वलाई उजागर गरेको छ । ओरेक नेपालले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै स्थानीय स्तरमा लैंगिक हिंसा विरुद्धको अभियानलाई थप सशक्त बनाउने प्रतिबद्धता जनाएको छ ।
विगत तीन दशकदेखि ओरेक नेपालले लैंगिक हिंसा विरुद्धको अभियानलाई निरन्तर अघि बढाइरहेको छ । स्थानीय तहदेखि राष्ट्रिय नीति निर्माणसम्म महत्वपूर्ण योगदान पु¥याउँदै आएको संस्थाले यसपटक जाजरकोट र रुकुम पश्चिममा सम्पन्न गरेको यो क्षमता अभिवृद्धि कार्यक्रम पनि सोही दीर्घकालीन रणनीतिको एउटा महत्वपूर्ण कडी हो । स्थानीय सरकार र सरोकारवालाहरूसँगको सहकार्यमा लैंगिक हिंसा विरुद्धको संयन्त्रलाई सुदृढ बनाउँदै लैजाने ओरेकको यो प्रयास निश्चय नै नेपालमा लैंगिक समानता र सामाजिक न्यायको स्थापनामा कोशेढुंगा साबित हुनेछ ।

## महिला मैत्री स्थलहरू मार्फत कर्णाली प्रदेशमा लैंगिक हिंसा विरुद्धको अभियान सञ्चालन

महिला पुनरुथापना केन्द्र (ओरेक) ले लैंगिक हिंसा विरुद्धको निरन्तर अभियानलाई अघि बढाउँदै रुकुम र जाजरकोट जिल्लामा महिला मैत्री स्थलहरू मार्फत महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ । दुई जिल्लामा सञ्चालित पाँच वटा महिला मैत्री स्थलहरू मार्फत १,५७३ महिलाहरूले विभिन्न सेवाहरू प्राप्त गरेका छन् । यी सेवाहरूमा खाना, आश्रय, भावनात्मक तथा मनोसामाजिक सहयोग, मनोवैज्ञानिक प्राथमिक उपचार PFA), यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी अभिमुखीकरण, कानूनी सहायता, र डिग्निटी किट (मर्यादित सामग्री) वितरण जस्ता कार्यक्रमहरू समावेश छन् ।
दुइ जिल्लाका सात वटै पालिकाका समुदाय परिचालकहरू मार्फत लैंगिक हिंसा, हानिकारक अभ्यासहरू, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, महिला अधिकार लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्दै सम्प्रेषण प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो । यस क्रममा कुल १,१०९ घरधुरीमा पुगी अभिमुखीकरण गरिएको छ, जसमध्ये रुकुममा ७७३ र जाजरकोटमा ३३६ घरधुरी रहेका छन्। रुकुम जिल्लाको विभिन्न पालिकाहरूमा यसरी सेवा पु¥याइएको छः सानीभेरीमा ३२६, आठबिसकोटमा १८३, र चौरजहारीमा २६४ घरधुरी । त्यसैगरी जाजरकोट जिल्लामा नलगाढमा ६७, बारेकोटमा १०५, भेरीमा ७८ र

# पर्यावरणीय न्याय र महिला नेतृत्व

कुसेमा ८६ घरधुरीमा पुगी महिला अधिकार र लैंगिक हिंसा सम्बन्धी विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया गरिएको छ । यस समयमा विद्यालय स्तरमा पनि महत्वपूर्ण काम भएको छ । यस त्रैमासिक अवधिमा कुल ३७ वटा विद्यालय अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जसमध्ये रुकुम–पश्चिम जिल्लामा २२ वटा (सानीभेरीमा ११, चौरजहारीमा ३ र आठबिसकोटमा ८) र जाजरकोटमा १५ वटा (नलगाढमा ५, बारेकोटमा ७ र भेरीमा ३) कार्यक्रमहरू सम्पन्न गरिएका छन ् ।






ओरेकको निरन्तर वकालत र प्रयासको फलस्वरूप यस अवधिमा चार जना महिलाहरूले नागरिकता प्राप्त गर्न सफल भएका छन् । जसमध्ये रुकुम र जाजरकोट दुवै जिल्लामा दुई–दुई जना महिलाहरू रहेका छन्। यो उपलब्धि महिला अधिकारको क्षेत्रमा गरिएको निरन्तर वकालतको एउटा महत्वपूर्ण परिणाम हो।

यसरी ओरेकले लैंगिक हिंसा विरुद्धको लडाईंमा महिला मैत्री स्थलहरूको माध्यमबाट महिला सशक्तिकरण, अधिकार प्राप्ति र सामाजिक न्यायको लागि निरन्तर काम गरिरहेको छ। विभिन्न सेवाहरूको प्रावधान, समुदाय स्तरको पहुँच, विद्यालय अभिमुखीकरण र नागरिकता प्राप्तिमा सहजीकरण जस्ता कार्यक्रमहरूले महिलाहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

## ओरेकको अग्रसरतामा कर्णाली प्रदेशको भूकम्प प्रभावित जिल्लामा लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया सुदृढीकरण

रुकुम र जाजरकोटमा सेप्टेम्बर १, २ र ३, ४ मा लैङ्गिक हिंसा (GBV), यौन शोषण र दुव्र्यवहारबाट संरक्षण (PSEA), तथा यौन र प्रजनन स्वास्थ्य अधिकार (SRHR) सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्यकर्मीहरुको आवस्यकता र बेस्ततालाई ध्यानमा राख्दै दुवै जिल्लामा कार्यक्रमलाई दुई दिनसम्म सञ्चालन गरिएको थियो । कार्यक्रमले ६५ जना स्थानीय सहभागी (रुकुमः २७, महिलाः १२, पुरुषः १५; जाजरकोटः ३८, महिलाः २३, पुरुषः १५) लाई समेटेको थियो भनेOCMC, OPD, IPD मनोवैज्ञानिक परामर्शदाता, आपतकालीन सेवा, तथा अन्य विविध विभागका स्वास्थ्यकर्मीहरूको सहभागिता थियो ।
स्वास्थ्यकर्मीहरूलाई लैगिंक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्य र PSEA, सम्बन्धी आवश्यक ज्ञान र सीप प्रदान गर्नका लागि सञ्चालित यस तालिमले स्वास्थ्य सेवाप्रदायकहरुले विशेष गरी महिलाहरू र बालबालिकाको सुरक्षाका लागि गुणस्तरीय र समग्र सेवा प्रदान गर्न आवश्यक ज्ञान र सीप हासिल गरेका थिए । सहभागीहरूले यस प्रशिक्षणलाई अत्यन्त प्रभावकारी मानेका र यस किसिमको कार्यक्रमले सहभागीसँग समूह छलफलका माध्यमबाट लैंगिक हिंसाका विभिन्न प्रकारहरू, तिनका असरहरू, तथा सेवाग्राही प्रति संवेदनशीलता हुने र त्यस किसिमको विधिहरूको चर्चा गरेको थियो । यसले स्वास्थ्यकर्मीहरूलाई सेवा प्रवाहमा समावेशी र संवेदनशील दृष्टिकोण अपनाउन अभिप्रेरित गरेको थियो अभिव्यक्ति सहभागीहरुले गरेका थिए ।

तालिमका सहजकर्ताले सहभागीहरूलाई लैङ्गिक हिंसामा परेका व्यक्तिहरूसँग गर्ने संवेदनशील व्यवहार गोपनीयता कायम राख्ने विधि, कानुनी सहयोगको जानकारी, तथा मनोसामाजिक र चिकित्सकीय उपचारका उपायहरूबारे स्पष्ट पार्नु भएको थियो । साथै, SRHR सम्बन्धी विषयहरूलाई प्रभावकारी रूपमा एकीकृत गर्न तथा हानिकारक परम्परागत अभ्यासहरूबारे सचेतना फैलाउन आवश्यक ज्ञानहरुको बारेमा र त्यससँग सम्बन्धित सूचनाहरुको बारेमा समेत छलफल भएको थियो । कार्यक्रममा सहभागी दुवै जिल्लाका अस्पतालका सहायक इन्चार्जले सम्पूर्ण स्वास्थ्यकर्मीको क्षमता विकासका लागि यस्ता कार्यक्रमको निरन्तरता र समर्थनको आवश्यक रहेको र आगामी दिनमा आफ्नो तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएका थिए । सहभागिहरूका तर्फबाट पनि यस प्रकारका कार्यक्रमहरूले स्वास्थ्यकर्मीहरूको सेवा प्रवाह अझ प्रभावकारी बनाउने भएकाले यस्ता गतिविधिहरूको नियमितता महत्वपूर्ण रहेको बताएका थिए ।
यो कार्यक्रम ओरेकको लामो समयदेखिको प्रयास र पैरवीको एउटा हिस्सा बन्न सकेको छ, जसले विशेष गरी घटना सम्प्रेषण (रेफरल) प्रणालीलाई सुदृढ बनाउँदै लैङ्गिक हिंसाको रोकथाम र त्यसको दिगो प्रतिक्रिया प्रणालीको स्थापनामा टेवा पु¥याएको छ । ओरेकको निरन्तर पैरवीले सेवाप्रवाहलाई उत्तरदायी, समावेशी र गुणस्तरीय बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

## विद्यमान असमानता र मानवीय सहायता क्षेत्रको अबस्था विश्लेषण (CHANGING NARRATIVR SHFITING POWER, ANZLYZING HUMANITARIAN RESPONSE FROM WOMEN'S PERSPECTIVE) शिर्षकको राष्ट्रिय स्तरको संवाद कार्यक्रम सम्पन्न

महिला पुनरुथापना केन्द्र (ओरेक), नेपाल महिला एकता समाज र केयर नेपालको संयुक्त आयोजनामा यहि मिति २०८१ असोज १० गते (२६ सेप्टेम्बर) का दिन “विद्यमान असमानता र मानवीय सहायता क्षेत्रको अबस्था विश्लेषण शिर्षकको राष्ट्रिय स्तरीय संवाद कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य मानवीय सहायताको क्षेत्रमा महिलाले नेतृत्व गरेको संस्थाको कामको मान्यता र पहिचान स्थापित गर्नका लागि बहस निर्माण गर्नु रहेको छ । साथै, मानवीय साहयताकर्मीको परम्परागत भाष्यलाई विश्लेषण गर्दै महिलाले नेतृत्व गरेका संस्थामा शक्ति स्थानान्तरण गर्न सरोकारवालाको जवाफदेहीताको बारेमा बहस निर्माण गर्नु रहेको थियो ।  यस कार्यक्रममा ४० भन्दा बढी मानवीय साहयताका क्षेत्रमा कार्यरत संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, फन्डिङ एजेन्सी, महिला मानव अधिकार कर्मी लगायत सरकारी निकायका प्रतिनिधीहरु उपस्थित भएका थिए । कार्यक्रमको शुरुवातमा ओरेकले महिलाले नेतृत्व गरेका संस्थाले स्रोत माथिको पहुँचका लागि सामना गर्नुपरेको संरचनात्मक अवरोधहरू बारे व्यक्तिगत र अनलाइन दुवै विधिहरू मार्फत ३० संस्थाहरूसँग गरिएको सर्वेक्षणको निष्कर्षलाई प्रकाश पारिएको थियो ।  यस सर्वेक्षणले जटिल र अनलाइन आवेदन प्रक्रियाहरू, नेपाली तथा स्थानिय भाषामा आवेदन नहुनु, लैङ्गिक भूमिकाहरू, जातीय भेदभाव, र संस्थागत पूर्वाग्रहहरू, मूलधारका अन्तर्राष्ट्रिय संस्थाहरूले लागु गर्ने परम्परागत साझेदारी मापदण्डहरू आदी प्रमुख प्रमुख चुनौती रहेको देखाउँदै यस किसिमका चुनौतीले महिलाले नेतृत्व गरेका संस्थाहरूको कोष र स्रोतहरू सुरक्षित गर्ने क्षमतालाई सीमित पार्ने प्रष्ट दर्शाएको थियो ।

यस अध्ययनले महिलाको जीवनका अनुभव र परम्परागत ज्ञानलाई मानवीय सहायको क्षेत्रको मूल्याङ्कनमा महत्वपूर्ण तथ्याङ्कका रूपमा लिइनु पर्ने कुरामा जोड दिएको छ । यसैगरी यस कार्यक्रममा केयर नेपालका तर्फबाट HPP ले समग्र प्रतिकार्य क्षमतालाई कसरी बलियो बनाइरहेको छ र स्थानीय नेतृत्वले समुदाय तहमा विपद् व्यवस्थापन प्रक्रियाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिरहेको छ भन्ने बिषयमा प्रस्तुतीकरण  भएको थियो ।

# पर्यावरणीय न्याय र महिला नेतृत्व



प्रस्तुतीकरण पछि, प्यानल छलफल गरिएको थियो जसमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए) का उपसचिव, सशक्त आवाज महिला संस्थाका प्रतिनिधि, कैलालीका..... उपाध्यक्ष, युएन वुमनका तर्फबाट नेपालका लागि उपराष्ट्रिय प्रतिनिधि, र केयर नेपालका प्रतिनिधि लगायत प्रमुख वक्ताहरू प्यानलिस्टका रुपमा रहेका थिए । सशक्त आवाज महिला संस्थाका कृष्णी चौधरीले आफ्नो टिप्पणीमा, कुनै पनि विपद्बाट प्रभावित जनसंख्याको तत्काल आवश्यकतालाई सम्बोधन गर्न समुदाय तहको महिला नेतृत्वको संस्थाहरूको महत्वपूर्ण भूमिकालाई प्रतिबिम्बित गर्दै उक्त संस्थाहरुको महत्वपूर्ण योगदानको वावजुद, स्रोत विनियोजन र विपद् प्रतिकार्य प्रयासहरूमा नेतृत्व भूमिकाको कुरा आउँछ तब उक्त संस्थाहरुलाई किनारा पारिने कुरा बताउनुभएको थियो । अन्य प्यानलका सदस्यहरूले मानवीय सहायताको संगठनहरू भित्रको पितृसत्तात्मक संरचनाहरूलाई औंल्याउँदै निर्णय लिने प्लेटफर्महरूमा महिलाहरूको पहुँचलाई सीमित पार्ने गरेको तितो यथार्थ रहेको बताएका थिए । युएन वुमनका मेहताप तातारले अन्तर्राष्ट्रिय ढाँचा र नीतिहरूले लैङ्गिक समानताको वकालत गरेतापनि समुदाय तहमा तिनीहरूको कार्यान्वयन नभएको कुरामा जोड दिएका थिए । उनले विपद् व्यवस्थापन प्रक्रियामा महिलाको नेतृत्वमा रहेका संस्थाहरूलाई समान साझेदारको रूपमा मान्यता दिइने सुनिश्चित गर्न बलियो जवाफदेहिता संयन्त्रको आवश्यकतामा जोड दिएका थिए ।

यस कार्यक्रममा स्रोत माथिको पहुँचका लागि अनलाइन आवेदन प्रणालीको सरलीकरण, स्थानीय, गैर–अंग्रेजी भाषा बोल्ने महिला नेतृत्वको संस्थाहरूको पहुँच सुनिश्चित गर्ने, विशेष गरी महिलाहरूको नेतृत्वमा रहेका संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रमहरूमा लगानी गर्नुपर्ने जस्ता केही सिफारिसहरू पनि गरिएको थियो । संस्थागत विकास, श्रोत परिचालन र मानवीय सहायतामा प्राविधिक सीप जस्ता क्षेत्रहरू, महिलाको नेतृत्वमा रहेका संस्थाहरूलाई राष्ट्रिय र स्थानीय तहमा विपद् पूर्वतयारी र प्रतिक्रिया योजनामा समावेश गरिनुपर्ने र मानवीय सहायतामा काम गर्ने समुदायमा आधारित संस्थाहरूको विस्तृत नक्साङ्कनको निर्माण गर्दै विपद् प्रतिक्रिया संयन्त्रहरूमा उनीहरूको समावेश सुनिश्चित गर्ने र स्रोतहरूमा उनीहरूको पहुँच वद्धि हुने निष्कर्ष निकालिएको थियो ।








# पर्यावरणीय न्याय र महिला नेतृत्व



## अन्तराष्ट्रिय कार्यक्रममा ओरेक

**“FEMINIST WORLD-BUILDING CREATIVE ENERGIES COLLECTIVE JOURNEYS”** मुख्य नाराका साथ एसिया प्यासिफिकका पाँच सय भन्दा बढी महिलावादीहरुको सहभागीतामा २०२४ सेप्टेम्बर १२ देखि १४ सम्म चौधौं महिलावादी मञ्च सम्पन्न भएको थियो । यस कार्यक्रममा ओरेकको तर्फबाट पनि सकृय सहभागिता रहेको थियो जसमा ओरेकका तर्फबाट सुनसरी जिल्लाका सुरक्षा आवास इन्चार्ज रिता खड्का, कार्यकारी निर्देशक सुनिता मैनाली, कार्यक्रम संयोजक प्रभा पौड्यालहरुको सहभागिता रहेको थियो । यस कार्यक्रमको अवसमा ओरेकले नेपाल सरकारको वैदेशिक रोजगारमा जाने महिलाकालागि भएको विद्यमान संरक्षणवादी र प्रतिबन्धात्मक नीति तथा प्रावधानको परिमार्जनका लागि क्षेत्रिय ऐक्यवद्दता प्राप्त गर्न हस्ताक्षर अभियान समेत सञ्चालन गरेको थियो ।

यस मञ्चमा ३ वटा प्लेनरी सेसनका साथै २० भन्दा बढी समानान्तर सत्रहरु सञ्चालन भएका थिए । प्लेनरी सेसन मुख्य गरी “हामी कहाँ छौं”, “हामी कहाँ हुन चाहान्छौ” र “त्यहा कसरी पुग्न सकिन्छ” भन्ने शिर्षकमा केन्द्रित रहेका थिए । यी सत्रहरुमा विभिन्न देशका महिलावादी अभियान्ताहरुले साम्राज्यवाद, सैन्यवाद, कर्पोरेट कब्जा, जडसुत्रवादका सवालहरु र यसको प्रभावको विषयमा विश्लेषणात्मक धारणा राखेका थिए । जसमा हाल विश्वमा रहेका महिलावादका मुद्दा तथा सवालहरुलाई सैन्यवाद, आर्थिक नियन्त्रण, पुँजीवाद र जडसुत्रवादसँगको अन्तरसम्बन्धका आधारमा विश्लेषण गरिएको थियो । यस कार्यक्रममा संरचनात्मक उत्पीडन तथा दमन हटाउनका लागि स्थापित हानिकारक सामाजिक भाष्य परिवर्तन आवश्यक भएकाले सिमान्तकृत समुदायले आफ्नो प्रतिरोधको कथा आफैं निर्माण गरी नयाँ भाष्य स्थापित गर्न जरुरी भएको वक्ताहरुले प्रकाश पारेका थिए । यसैगरी महिलावादी आन्दोलनको रणनीतिमा आर्थिक–सामाजिक बहुआयमिक सवालहरु मुलप्रवाहीकरण गर्न जरुरी रहेको, र महिलावादी आन्दोलनमा नयाँ प्रविधि तथा नवीनता अन्वेषण आवश्यक रहेको तर नविनता निर्माण गर्ने क्रममा स्थानिय ज्ञान तथा स्रोतमा शक्तिवान राज्य तथा समुदायवाट थप उपनिवेशनवाद र साम्रराज्यवादको बिस्तार हुने सम्भाव्यता भएका कारणले त्यसलाई पनि विश्लेषण गरिनुपर्ने बिषयमा जोड दिइएको थियो ।

एसिया प्यासिफिक महिलावादी मञ्च एसिया प्यासिफिक क्षेत्रका महिलावादी तथा महिला मानव अधिकार रक्षकहरुको लागि ऐक्यबद्दता विकास गर्ने मञ्च हो । सन् २०१३ देखि यस मञ्च महिलावादी आन्दोलनको यात्रालाई विश्लेषण गर्ने र आन्दोलनलाई थप बलियो बनाउनका लागि रणनीति तयार गर्ने फोरमको रुपमा रहेको छ । यहाँ लैङ्गिक न्याय, समानता , प्रतिरोध र संरचनात्मक विभेद जस्ता सवालका विभिन्न आयामहरुमा बहस सृर्जना गरिन्छ ।





# सिकाई तथा ज्ञान व्यवस्थापन

## मानव अधिकार र महिला मानव अधिकार सुनिश्चितताका लागि खवरदारी जारी


महिला अधिकार, न्याय र समावेशी विकासका क्षेत्रमा क्रियाशील संस्था महिला पुनःस्थापना केन्द्र (ओरेक) निरन्तर रूपमा महिला हिंसा, श्रमिक अधिकार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार (SRHR) लैंगिक समानता, र मानवीय सहायता सम्बन्धी मुद्दामा नीतिगत पैरवी गर्दै समुदाय तहमा अधिकारका सवालमा जनचेतनामूलक कार्यक्रम सञ्चालन र सीमान्तकृत समुदाय लगायत अवश्यक समुदायके क्षमता सवलिकरणामा सहजीकरण गर्दै आएको छ ।

यस अवधिमा पनि अरेकले सामाजिक न्याय, कानुनी उपचारमा पँहुच, तथा राज्यले गरेका मानव अधिकार विरेधी निर्णयहरूको विषयमा आवाज उठाउँदै त्यसका सम्बन्धमा प्रेस विज्ञप्ति तथा ध्यानाकर्षण पत्र सार्वजनिक गरेके छ । यस अवधिमा ओरेकोले बिभिन्न घटनामा आधारित ६ वटा प्रेस विज्ञप्ति जारी गरेको छ भने सार्वजनिक भएका यी प्रेस विज्ञप्तिहरू मुख्यतः नीतिगत पैरवी (POLICY ADVOCAY), मानव अधिकार संरक्षण, तथा सामाजिक न्याय प्रवर्द्धन गर्ने उद्देश्यले जारी गरिएका छन्। विशेषगरी महिला मानव अधिकार रक्षकहरू तथा कानुनी व्यवसायीहरूमाथि आक्रमण भएको विषयमा संस्थाले विज्ञप्ति जारी गरी सम्बन्धीत सरेकारवालाके ध्यानाकर्षण गराएके छ । यस मार्फत सम्बन्धित निकायहरूलाई घटनाको छानबिन गर्न र उचित न्यायिक कारबाहीको माग समेत संस्थाले गरेको छ। त्यसैगरी लुम्बिनी प्रदेश सरकारले जघन्य अपराधमा आरोपित व्यक्तिलाई मन्त्री बनाएको घटनाको विषयमा समेत विज्ञप्ति जारी गरी यस घटना प्रति संस्थाले आपत्ति जनाएके थिये ।

१. महिला मानव अधिकार रक्षक रकानुन व्यवसायी माथि भएको कुताप्तु र दुर्व्यवहारको घटना प्रति गम्भीर ध्यानाकर्षण
२. संवेदनशील विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि ध्यानाकर्षणू
३. जघन्य अपराधका आरोपित व्यक्तिलाई लुम्बिनी प्रदेश सरकारको मन्त्री बनाउनेनिर्णय प्रति गम्भिर आपति
४. घरेलु महिला श्रमिकलाई खाडी मूलुक र मलेसिया जान लगाइएको प्रतिवन्ध फुकुवा गर्ने तयारी गर्दै


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)





# सिकाई तथा ज्ञान व्यवस्थापन




### सामाजिक सञ्जाल मार्फत निरन्तर रूपमा महिला मानव अधिकारका सवाल उजागर

ओरेकले सञ्चालन गरेको सामाजिक सञ्जाल ीक्ष्ल्भ्क्ष्ल् मा ८२ फलोअर्सबाट सुरु गरेर, १८२ फलोअर्समा पुगेका छ, भने तीन महिनामा ९अप्रिल(जुन० फेसबुकमा फलोअर्स १२४३२ बाट १२,७१६ र इन्स्टाग्राममा १,२९८ बाट ज्ञ,४२७ पुगेको छ।
ओरेकको फेसवुक पेजमा यस अवधिमा जम्मा ९८ पोस्ट भएके छ भने त्यसमा विशेषतः महिला हिंसा सम्बन्धिका मासिक प्रेस विज्ञप्ति, महिला अधिकार उल्लङ्घनका घटनाहरू विरुद्ध ध्यानाकर्षण पत्र , अन्तर्राष्ट्रिय र राष्ट्रिय दिवसहरू सम्बन्धि सुचना प्रकाशन, जनचेतनामूलक सन्देशहरू प्रकाशन तथा प्रसारण, महिला अधिकार र सामाजिक न्याय, वातावरणीय न्याय र महिला नेतृत्व सम्बन्धी जानकारी र समाचारहरू रहेकाछन । यस्ता सामग्रीहरुको प्रकाशन रणनीतिक रुपमा सरोकारवालाहरुको जागरूकता बढाउन, संवादलाई प्रोत्साहन र कार्यलाई प्रेरित गर्न डिजाइन गरिएको हो। प्रणालीगत मुद्दाहरूलाई सम्बोधन गरेर र महिला आवाजलाई बढावा दिएर, यसले पितृसत्तात्मक संरचनालाई चुनौती दिदै सामाजिक न्यायको वकालत गर्ने लक्ष्य राखेको छ।
ओरेकले सामाजिक संजाल मार्फत महिला मानव अधिकारका सवालमा एकबद्ध हुदै सरोकारवालाहरुलाई यसका बारेमा जानकारीमूलक सुचना प्रेषण गरी अनलाइन समुदाय सिर्जना गर्ने लक्ष्य अनुरुप महिलावादी दृष्टिकोणहरू साझा मात्र गर्दैन यसले अरुका विचारहरु समतेलाई सम्मान गर्दछ ।यस किसिमका सामग्रीहरुमा पहुँच विस्तार गर्न , महिलावादी सिद्धान्तहरूप्रतिको प्रतिबद्धता अग्रपङ्क्तिमा रहने गरेको छ , जसले सकारात्मक परिवर्तनलाई प्रभाव पार्ने र विश्वव्यापी महिलाहरूलाई सशक्तिकरण गर्ने संस्थाको प्रयासलाई अगाडि बढाउँछ।



# सिकाई तथा ज्ञान व्यवस्थापन

## यस अवधिमा ओरेकको संथापक अध्यक्षबाट नेपालको रष्ट्रिय मिडियामा प्रकाशन गर्नु भएका लेख रचना र बिचारहरु

- मानवीय संकट व्यवस्थापनको सूत्र
- विसङ्गत विदेश
- बालबालिका बचाउने बेला
- अमेरिकी सपनाको कहाली
- यसरी बनौँ बेचबिखनविरुद्ध सक्रिय
- नेपाली महिला आन्दोलनको नियति
- राज्यसत्ताको आँखामा महिला अधिकार


नागरिक

WORLDLINK जहाँ पनि

मानवीय संकट व्यवस्थापनको सूत्र


नागरिक

WORLDLINK जहाँ पनि

अमेरिकी सपनाको कहाली


नागरिक

WORLDLINK जहाँ पनि

यसरी बनौँ बेचबिखनविरुद्ध सक्रिय